# भाग ५

## नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई रामजानकी मन्दिर संरक्षित स्मारक क्षेत्र घोषणा गरेकाले यो सूचना प्रकाशन गरिएको छः

**पूर्व** : जनकपुर भानु चोक, कदम चोक, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय हुँदै दक्षिण दिशातर्फ गएको सडक परिक्रमा पथ।

**पश्चिम** : भमरपुरा चोक हुँदै पश्चिमतर्फ गएको श्री याज्ञवल्क्य संस्कृत माध्यामिक विद्यालय ज्ञानकूप, हनुमान मन्दिर हुँदै उत्तर दिशातर्फ गएको परिक्रमा पथ।

**उत्तर** : हनुमान मन्दिर, पिडारी चोक (राजा जनक स्मारक) हुँदै गएको मधेश प्रदेश भवन, मिल्स एरिया, भानु चोकसम्मको परिक्रमा पथको सडक।

**दक्षिण** : जनकपुरधामको मुरली चोक (विद्यापति स्मारक) हुँदै भमरापुरा चोकसम्म गएको परिक्रमा पथको सडक।

**आज्ञाले,**
**मुकुन्द प्रसाद निरौला**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।